नेपाल राष्ट्र बैंक

# विपद्बाट प्रभावित क्षेत्रमा बैंकिङ सेवाको निरन्तरता सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ति

हालै रसुवा लगायतका स्थानमा आएको प्राकृतिक विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति नेपाल राष्ट्र बैंक गहिरो दु:ख व्यक्त गर्दछ । साथै, सम्पर्कमा नरहेका सर्वसाधारण, बैंक तथा वित्तीय संस्थाका कर्मचारी र तिनका परिवारजनले व्यहोर्नुपरेको पीडाप्रति यस बैंक गहिरो सहानुभूति प्रकट गर्दछ ।

प्राकृतिक विपद्का कारण प्रभावित क्षेत्रमा बैंकिङ सेवा अविलम्ब सुचारु गर्न यस बैंक प्रयत्नशील रहेको छ । उक्त क्षेत्रमा बैंकिङ तथा भुक्तानी सेवाको निरन्तरता सुनिश्चित गर्न, विद्युतीय माध्यम लगायत वैकल्पिक स्थानबाट सेवा स्वत:स्फूर्त रूपमा सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थालाई आवश्यक सहजीकरण गरिएको छ । साथै, प्राकृतिक विपद्का कारण प्रभावितहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आवश्यक वित्तीय स्रोतको परिचालन गर्न यस बैंकले प्रोत्साहन गरेको छ ।

यस विषम परिस्थितिमा बैंक तथा वित्तीय संस्थाका ग्राहक, कर्मचारी तथा समुदायको सुरक्षा र हितलाई प्राथमिकता दिई प्रभावित क्षेत्रका सेवाग्राहीप्रति संवेदनशील रही आवश्यक सहयोगका लागि निरन्तर प्रयासरत रहन सम्बन्धित सबैलाई नेपाल राष्ट्र बैंक अनुरोध गर्दछ ।

२०८३ भदौ १३ गते ।